जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ३ २०७९ साल साउन ४ गते बुधबार (20 July 2022 Wednesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अझै बनेन गागन खोला र.. ३ पृष्ठमा : उल्लेखनीय वित्तीय प्रगतिमा ... ३ पृष्ठमा :चीन-पाकिस्तान आर्थिक ...

# कृषिमन्त्री बिरुद्ध गृह जिल्लामै नाराबाजी

## किसानसँग सम्बन्धित मागसहित जनमतद्वारा प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**

रोपाईका लागि मलखादको व्यवस्था नभएको भन्दै कृषि तथा पशुपंक्षी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवको गृह जिल्ला सप्तरीमा मंगलबार प्रदर्शन भएको छ ।

रोपाईको समय वित्न लाग्दा पनि मलखादको व्यवस्था नभएको तथा किसानको समस्या समाधान नगरेको भन्दै मन्त्री यादव बिरुद्ध जनमत पार्टीले सो प्रदर्शन गरेको हो ।

जनमत पार्टीको आह्वानमा गाउँ गाउँबाट आएका किसानहरुले राजविराजमा कृषि मन्त्री यादवविरुद्ध चर्को नाराबाजी गर्दै प्रदर्शनमा उत्रेका हुन् । लस्

उनीहरुले कृषि मन्त्री हाय हाय, कृषि मन्त्री राजीनामा दे, कृषि मन्त्री मुर्दावाद, मलखादको व्यवस्था गर, जिल्लालाई सुख्खा क्षेत्र घोषणा गर, किसानको समस्या समाधान गर लगायतका नाराबाजी गर्दै जुलुस बजार क्षेत्रको परिक्रमा गरेका थिए ।

प्रर्दशन पश्चात जनमत पार्टी आवद्ध किसानहरु जिल्ला प्रशासन कार्यालय पुगी प्रमुख जिल्ला अधिकारी जर्नादन गौतममार्फत प्रधानमन्त्रीलाई किसानसँग सम्बन्धित विभिन्न १२ बुँदे मागसहितको ज्ञापन पत्र समेत बुझाएका छन् ।

यस्तै वेमौसमी हावाहुरी र वर्षाले बालीनालीमा भएको हानी नोक्सानीको क्षतीपुर्ती, किसान कार्डको व्यवस्था, किसानको समस्या समाधान गर्न उच्चस्तरीय समितीको गठन र किसान आन्दोलनका क्रममा झुठा मृद्दा लगाई पक्राउ परेकाहरुको मुद्दा खारेजी लगायतका माग पनि अघि सार्दै उक्त माग अविलम्ब सम्बोधन नगरिए थप सशक्त आन्दोलन गर्ने चेतावनी समेत ज्ञापनपत्र मार्फत दिइएको छ ।

जनमत पार्टीका जिल्ला इन्चार्ज ममता झा, केन्द्रीय सदस्य सुरेन्द्र शर्मा मधेशी, पुर्व जिल्ला संयोजक चन्देश्वर मण्डल किसान, युवा नेता रघुनन्दन यादव लगायतको अगुवाईमा बुझाइएको ज्ञापनपत्रमा समयमै मलखाद र विउ विजनको व्यवस्था, सिंचाईको व्यवस्था, सिंचाइ प्रयोजनका लागी विजुली निशुल्क, कृषि उपजको सर्मथन मुल्य निर्धारण, किसानलाई पेन्शनको व्यवस्था गर्नू पर्ने उल्लेख गरिएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रजिअ गौतमले तत्कालै प्रधानमन्त्रीको कार्यालयमा पठाई दिने प्रतिबद्धता जनाएका थिए ।

# २०७ स्थानीय तहले ल्याउनै सकेनन् चालु आवको बजेट

काठमाडौँ, ३ साउन (रासस) ।

नयाँ आर्थिक वर्ष सुरु भएको तीन दिन पूरा भए पनि हालसम्म २०७ स्थानीय तहले बजेट पेश गर्न सकेका छैनन् । संविधानअनुसार स्थानीय तहले असार दोस्रो साताभित्रै बजेट पेश गर्नुपर्ने व्यवस्था छ । संविधानअनुसार हरेक वर्षको जेठ १५ गते सङ्घीय सरकारले, असार १ गते प्रदेश सरकार र असार १० गते स्थानीय तहले बजेट पेश गर्नुपर्ने व्यवस्था छ ।

कूल ७५३ स्थानीय तहमध्ये ५४६ स्थानीय तहले चालु आवको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको भए पनि २०७ स्थानीय तहले विभिन्न कारणले गर्दा बजेट प्रस्तुत नै गर्न सकेका छैनन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार प्रदेश नं १ का कूल १३७ स्थानीय तहमध्ये १०७ स्थानीय तहले बजेट ल्याइसकेका छन् । सो प्रदेशका ३० स्थानीय तहले भने हालसम्म बजेट प्रस्तुत गर्न सकेका छैनन् ।

कूल १३६ स्थानीय तह भएको मधेस प्रदेशका ६५ स्थानीय तहमा विवादका कारण चालु आवको बजेट नै प्रस्तुत हुन सकेको छैन । उक्त प्रदेश मातहतका ७१ स्थानीय तहले भने असारको दोस्रो साता नै बजेट प्रस्तुत गरेका थिए ।


सङ्घीय राजधानीसमेत रहेको बागमती प्रदेशका पनि ३४ स्थानीय तहको बजेट तोकिएको समयमा पेश हुन सकेको छैन । सो प्रदेशको कूल ३४ स्थानीय तहमा बजेट पेश भएको छैन । कूल ११९ स्थानीय तहमध्ये ८५ स्थानीय तहले भने तोकिएको समयमा नै चालु आवको नीति तथा कार्यक्रम र बजेट पेश गरिएको थियो ।

गण्डकी प्रदेशका कूल ८५ स्थानीय तहमध्ये ७६ स्थानीय तहले बजेट प्रस्तुत गर्दा नौ तहको भने बाँकी देखिन्छ । लुम्बिनी प्रदेशका कूल १०९ स्थानीय तहमध्ये ८४ वटाले बजेट ल्याएका छन् भने २५ वटाको हालसम्म सुरसार नै देखिँदैन । केहीको भने विवाद देखिएको छ ।

कर्णाली प्रदेशका कूल ७९ स्थानीय तहमध्ये ६० वटाले बजेट ल्याए भने १९ वटाको अझै बाँकी देखिन्छ । सुदूरपश्चिम प्रदेशको कूल ८८ स्थानीय तहमध्ये ६३ वटाले बजेट ल्याउँदा २५ वटाको अझै पनि बाँकी छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत असार ३१ गते नै बजेट स्वीकृत भएको विवरण अध्यावधिक गराउन सबै स्थानीय तहलाई आग्रह गरिसकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ उपदफा ६ बमोजिम नगर वा गाउँ सभाले असार मसान्तभित्र आगामी आवको बजेट पारित गरिसक्नुपर्ने व्यवस्था छ तर, ती स्थानीय तहले हालसम्म पनि यसअनुसार बजेट प्रस्तुत गरेका छैनन् ।

# थप ३ सय ५७ जनामा कोरोना संक्रमण पुष्टि



काठमाडौँ, ३ साउन (रासस) :

देशभर पछिल्लो २४ घण्टामा थप ३ सय ५७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा तीन हजार ३ सय ५७ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार ८ सय ५७ जनाको पिसिआर तथा एक हजार पाँच सय जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । सो अवधिमा ६२ जना कोरोना भाइरसबाट मुक्त भएका छन् ।

योसँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ६८ हजार १ सय २६ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव ६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ३६ हजार ३ सय ४८ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या एक हजार ९ सय ८२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५४ पुगेको छ । हाल होम आइसोलेशनमा एक हजार ८ सय ६५, संस्थागत आइसोलेसनमा १ सय १७ र आइसियूमा १९ संक्रमित छन् ।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला काठमाडौँ मात्र रहेको छ । शून्य संक्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, जाजरकोट, कालिकोट, मुगु, बाजुरा र डढेलधुरा छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा एक हजार १०९, ललितपुरमा १६० र भक्तपुरमा ४२ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### हरेक वर्ष किसानको समस्या उही, सरकारको आश्वासन पनि उस्तै

नेपालको सबैभन्दा बलियो र आधारशिल कृषि क्षेत्रलाई मानिन्छ । नेपालमा कुनै व्यवसायी गर्नु भन्दा राम्रो र भरपर्दो कृषि क्षेत्रमा लगानी गर्नुलाई नै मानिन्छ । तर, सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको देखिन्न् । उचित सिचाईको व्यवस्था, मलखादको जोहो तथा कामदारको अभावका कारण अहिले कृषि क्षेत्र उजाड बन्दै गएको छ । खासगरि तराई मधेश क्षेत्रमा कृषिलाई उत्तम मानिन्छ । यस क्षेत्रलाई अन्नको भण्डार पनि भनिन्छ । हुन त दुई दशक अगाडीका वर्षहरुमा तराई मधेशमा उब्जनी हुने धान, गहु र तरकारीले पुरै मुलुकलाई पुग्ने गर्थ्यो । तर, अहिले उक्त क्षेत्रमा हुने उत्पादनले सिंगो मधेश क्षेत्रलाई पनि पुग्दैन् । अहिले भारतबाट खरीद गरेर विभिन्न अन्नहरु ल्याउने गरिन्छ । यसको मुख्य कारण हो उब्जनीमा ह्रास आउनु । उब्जनीमा ह्रास आउनु भनेको धान रोपाईको बेला वर्षा नहुनु र वर्षा भएपनि रोपाई भइसकेपछि मलखादको अभाव तथा कामदारको कमी ।

कृषकहरुले आकाशे पानीको भरमा नपरि कृत्रिम तरिकाले बोरिङ्ग लगाएर पनि खेती गर्ने गर्छन् । जसकारण उनीहरुको महिनेत अनुसारको आम्दानी हुँदैन् । बोरिङ्ग लगाएर पानी पटाउदा बढी खर्च हुने गर्दछ । यति मात्र नभएर नेपालमा उत्पादन हुन नसकेको मलखाद पनि खरीद गर्दा सरकारी सहुलियतको दररेटभन्दा बढी मुल्यमा मलखाद खरिद गर्न बाध्य हुन्छन् कृषक । यो बाहेक खेती गरिसकेपछि धान काट्ने बेलामा कामदारको अभावले झनै कृषकहरु पिरोलिने अवस्था आउछ । बढ्दो बेरोजगारीको समस्याले युवाहरु रोजगारका लागि विदेश पलायन हुने अवस्था अझै रोकिएको छैन् । यसले गर्दा उत्पादन भित्राउने समयमा बढी रकम खर्चेर छिमेकी मुलुक भारतबाट कामदार ल्याएर बाली काटेर भित्राउनु पर्ने अवस्था कसैसामु लुकेको छैन् ।

यो समस्या एक वर्षको नभएर विगत दुई दशकदेखी यस्तै समस्याहरुबाट पीडित बन्दै आएका छन् किसानहरु । अहिले बालि रोपिसकेको अवस्थामा वर्षा नहुँदा महिनेतले लगाएको बाली समेत सुक्न थालेका छन् । अब पुनः कृत्रिम तरिकाले पानी पटाउने कार्य गरिए भने त्यसको लागत खर्च अझै बढ्ने छ । नहरहरु छन् तर, त्यसको उचित प्रवर्द्धन र व्यवस्थापन गर्न सकिएको छैन् । जसकारण नहरमा आउने पानीको कृषकहरुले सदुपयोग गर्न सकिरहेका छैनन् । यसर्थ खेती गर्ने समयमा नहरको उचित प्रवर्द्धन र व्यवस्थापन गरेर खेतसम्म पानी पुऱ्याउने व्यवस्था तथा किसानहरुको खेतसम्म मलखाद पुऱ्याउने व्यवस्था मिलाउन सकिए कृषकहरुका लागि खुशी बाहेक केही हुँदैन् । तसर्थ यस्ता समस्याहरुको दिर्घकालिन समाधानका लागि तीनै तहका सरकारले गम्भिरतापूर्वक पहल गर्नु पर्ने आवश्यकता रहेको छ । अनि मात्र नेपालमा विगत जस्तै पर्याप्त अन्न उत्पादन हुनेमा दुईमत नहोला ।

# अझै बनेन गागन खोला र कमला नदीको पुल

**राजु विश्वकर्मा**

जनकपुरधाम, ३ साउन (रासस) । तराई-मधेशका 'लाइफलाइन'कै रुपमा रहेको हुलाकी सडक अन्तर्गत निर्माणाधीन महत्वपूर्ण दुई वटा पुल लामो समयदेखि अलपत्र पर्दा सर्वसाधारण सास्ती बेहोर्न बाध्य भएका छन् ।

निर्माण व्यवसायी कम्पनिका कारण सिरहाको औरही गाउँपालिका-१ स्थित गागन खोला पुल र निर्माण नसकिँदै भाँसिएको कमला नदीको पुल निर्माण नहुँदा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका हुन् ।

गागन खोलामा निर्माणाधीन पुल निर्माण व्यवसायीका कारण अलपत्र पर्दा वर्षायाममा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य बनेको स्थानीयवासी मुकेश यादवले बताउनुभयो । हुलाकी सडक अन्तर्गत पूर्व बरियारपट्टीदेखि पश्चिम सदरमुकाम सिरहासम्मको सडकमा कालोपत्र सकिए पनि गागन खोलामा पुल निर्माण हुन नसक्दा सिरहाको एक दर्जनभन्दा बढी गाउँका स्थानीयवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । पुल निर्माण कार्य सुरु भएको झण्डै दुई वर्ष बित्न लाग्दासमेत १० प्रतिशत पनि काम हुन नसकेको स्थानीयवासीको गुनासो छ ।

पुल नहुँदा काम विशेषले सदरमुकाम सिरहा बजार आवतजावत गर्ने सो क्षेत्रका स्थानीयवासी एकातिर खोलामा पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् भने अर्कोतिर खोला गहिरो भएको र डाईभर्सनसमेत बगाइएकोले बाढीका बेला सवारीसाधन नै भासिने जोखिम बढेको छ ।

उहाँले भन्नुभयो,"पुल नहुँदा कतिपयले जोखिम उठाएरै खोला तरेर सदरमुकाम पुग्छन् भने कतिपयले घुमाउरो बाटोको प्रयोग गरी दिनभरि समय खर्चिएर सदरमुकाम पुग्ने गर्छन् ।" करिब २० वर्षअघि सडक डिभिजन कार्यालयले सो खोलामा पुल निर्माण गरेको थियो तर पुल निर्माण सम्पन्न भएको १० वर्षपछि आएको ठूलो बाढीले पुलदेखि ३५० मिटर उत्तरको पूर्वी बाँध भत्काएर खोलाले साविकको पुलदेखि २०० मिटर पूर्वबाट धार बनाएर बग्न थालेपछि सो क्षेत्रका स्थानीयवासीको आवागमन कष्टकर बनेको छ ।

"पहिलेको खोलामा पानी बग्न छोडेको छ त्यहाँको सुख्खा नदीमा पुल छ तर धार परिवर्तन गरी बगिरहेको खोलामा बाह्रै महिना पानी बग्ने गरेको छ", सिरहाको बरियारपट्टी गाउँपालिका-३ का महेश यादवले भन्नुभयो, "सुख्खायाम त केही सहज हुन्छ, तर बाढीको समयमा दुई महिनासम्म त झन त्यहाँका स्थानीयवासीलाई आवतजावत गर्न गाह्रो हुन्छ ।" हुलाकी राजमार्गको औरही खण्डमा गागन खोलाले बनाएको ती दुईवटै खोला निकै महत्वपूर्ण रहेको स्थानीयवासीको अनुभव छ ।

सो खोलामा हीराचन रोशन कन्ट्रक्सन प्रालीमार्फत रोशन कन्ट्रक्सनले पुल निर्माणको काम गर्दै आएको छ । तीन वर्षभित्र सकिने गरी २०७६ सालमा सम्झौता भएको सो पुल निर्माणको काम कछुवा गतिमा बढ्दा स्थानीयवासी निराश बनेका छन् । "पुल निर्माणका लागि अहिलेसम्म पिलर मात्र ठड्याइएको छ", औरही गाउँपालिका १ शिवनाथ यादवले भन्नुभयो,"कामको गति हेर्दा निर्धारित समयमा काम सम्पन्न हुने छाँटकाँट देखिदैन् ।" पुल निर्माणलाई गति दिन आग्रह गर्दा पनि कुनै सुनुवाइ हुन नसकेको उहाँको गुनासो छ ।

सम्झौता अनुसार नै काम अघि बढाएको निर्माण कम्पनी रोशन कन्ट्रक्सनका साइट इन्चार्ज दानालाल यादवले बताउनुभयो । "सम्झौता भएर २०७७ पुस महिनादेखि पुल निर्माणको काम थालेका छौँ", इन्चार्ज यादवले भन्नुभयो," वर्षा सुरु भएपछि काम रोकिएको हो, वर्षा रोकिएपछि कात्तिक महिनापछि काम पुनः सुरु गर्ने छौँ ।" खोलामा कुनै बेला पनि ठूलो बाढी आउन सक्ने भएकाले पुलको काम अघि बढाउन नसकिएको उहाँको कथन छ ।

यस्तै निर्माण नसकिँदै भाँसिएको कमला नदीको पुल एक वर्षमा पनि पुनःनिर्माण नहुँदा सर्वसाधारण सास्ती बेहोर्न बाध्य भएका छन् । धनुषा र सिरहालाई जोड्ने कमला नदीको पुल निर्माण कार्य सम्पन्न नहुँदै गत २०७८ असार ३१ आएको बाढीले भाँसिएको थियो ।

भासिएको पुल पुनःनिर्माण नहुँदा निकै सास्ती भइरहेको भन्दै स्थानीयवासीले तत्काल पुनःनिर्माणको माग गरेका छन् । "निर्माण कम्पनीको लापरबाहीका कारण भासिएको पुल पुनःनिर्माण काम अझै सुरु हुन सकेको छैन्" धनुषा कमला नगरपालिका-५ का सत्रुधन साहले भन्नुभयो, "पुलको पुनःनिर्माण काम हुन नसक्दा चारपाङ्ग्रे गाडी सो मार्गमा चल्नै सकेको छैन, दुई पाङ्ग्रे सवारी पनि जोखिमपूर्णरुपमा चलिरहेको छ ।" सुख्खायाममा जेनतेन दुई पाङ्ग्रे सवारी चल्ने गरेपनि हल्का वर्षामा पनि पैदलयात्रुलाई समेत हिँड्डुल गर्न समस्या भइरहेको उहाँको भनाइ छ ।

बाढीका कारण पहिला पूर्वतर्फको 'स्पर' भासिएको थियो । त्यसको केही दिनपछि पश्चिमतर्फको स्पर पनि भासिएको थियो । "भासिएकामध्ये पूर्वतर्फको स्पर भत्काएर त्यतिकै छाडिएको छ", सिरहा नगरपालिका-११ का कमलेश यादवले भन्नुभयो,"जसका कारण मोटरसाईकल डुङ्गाको सहारामा वारपार भइरहेको छ ।"

कूल ४७० मिटर लामो पुल निर्माणका लागि २०६८ सालमै पप्पु-लुम्बिनी बिल्डर्सले ठेक्का लिएको थियो । सुरुमा सो कम्पनिले मात्र काम गरेको थियो । करिब ३५ प्रतिशत काम सकेर बाहिरिएपछि लुम्बिनी बिल्डर्सले बाँकी काम गरेको हो ।

पुल ४२ महिनामा निर्माण हुनुपर्नेमा झण्डै १० वर्षपछि मात्रै निर्माण पूरा भएको थियो । तर हस्तान्तरण नहुँदै भासिएपछि सो क्षेत्रका स्थानीयवासी निराश बनेका छन् । कमला नदीमा पुल निर्माण भएपछि खुसी भएका सो क्षेत्रका सर्वसाधारण पुल भासिएपछि भन्ने निराश बनेका छन् । "वर्षौंदेखि कष्टपूर्ण यात्रा गर्दै आएका थियौँ", कमला नगरपालिका-५ दुर्गानन्द यादवले भन्नुभयो," तर निर्माण सम्पन्न भएर हस्तान्तरण नहुँदै पुल भासिएपछि यतिबेला हाम्रो सपना चुँडिएको छ ।"

अब कहिले पुल बन्ला र सहज रुपमा यात्रा गर्ने हो भन्ने निश्चित नभएको उहाँको गुनासो छ । निर्माण कार्य सम्पन्न गरी हस्तान्तरणको तयारी भइरहेका बेला कमला खोलामा आएको बाढीले पुल भासिएपछि गुणस्तर र डिजाइनबारे छानबिन गर्न माग समेत उठ्दै आएको छ । डिजाइन गल्ती भएको र डिजाइन अनुसार काम नभएको भन्दै विभिन्न राजनीतिकर्मी, सङ्घ संस्था र प्रदेश सरकारले छानविनको माग गरेका हुन् ।

# मधेशमा परेन पानी, भएन रोपाइँ

जनकपुरधाम, ३ साउन (रासस) । अन्नको भण्डारण मानिएको मधेस प्रदेशमा यस वर्ष समयमा धान रोपाइँ हुन नसक्दा किसान चिन्तित भएका छन् । समयमा पानीपरेको भए मधेसका अधिकांश जिल्लामा रोपाइँ लगभग सकिनुपर्ने थियो । अहिलेसम्म करिब ५७ प्रतिशत खेतीयोग्य जग्गामा मात्र धान रोपाइँ हुनसकेको जनाइएको छ ।

समयमा वर्षा नहुँदा प्रदेशको ४३ प्रतिशत खेत अझै बाँझो रहेको मधेस प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका बाली विकास अधिकृत मनिषकुमार पालले जानकारी दिनुभयो । अहिलेसम्म प्रदेशमा सबैभन्दा बढी सप्तरीमा ७५ प्रतिशत र सबैभन्दा कम पर्सामा ४२ प्रतिशत जग्गामा धान रोपाइँ भएको उहाँले बताउनुभयो । गत असारको दोस्रो सातायता वर्षा नहुँदा पनि वैकल्पिक सिँचाइको प्रबन्ध मिलाएरै भए पनि किसानहरूले धान रोपाइँ गरिरहेको उहाँको भनाइ छ ।

उहाँका अनुसार बारामा ६०, सिरहा र सर्लाहीमा ५५ , रौतहमा ५० , महोत्तरीमा ४५ र पर्सामा ४२ प्रतिशत मात्र धान रोपाइँ भएको छ । पर्सामा ५४ हजार ७३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार १३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । त्यस्तै सप्तरीमा कूल ८१ हजार ६६८ हेक्टर खेतीयोग्य जग्गामध्ये ६८ हजार हेक्टर क्षेत्रफलमा, सिरहामा कूल ७३ हजार ९१४ हेक्टर खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टरमा धान रोपाइँ हुने गरेको छ ।

त्यस्तै महोत्तरी जिल्लामा ६७ हजार ३५२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ५०० हेक्टरमा, बारामा ६२ हजार ८२३ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकामा ४६ हजार २० हेक्टरमा, रौतहटको ५३ हजार ५२० हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकामा ३८ हजार १०० हेक्टरमा धानखेती हुने गरेको मन्त्रालयले जनाएको छ ।

यस्तै धनुषामा ७६ हजार ५३१ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ५९ हजार हेक्टरमा र सर्लाहीको ८४ हजार ६७८ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार ७०० हेक्टरमा धान रोपाइँ हुन्छ । तर यस वर्ष ढिलो गरी धानको बेर्ना तयार भएको, ढिलाइ गरी धान रोपाइँ गर्ने प्रवृत्ति र समयमा वर्षा हुनुको कारण अन्नको भण्डार मानिएको मधेस प्रदेशमा अपेक्षाकृत धान रोपाइँ हुन नसकेको अधिकृत पालले जानकारी दिनुभयो ।

लामो समयदेखि वर्षा

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# उल्लेखनीय वित्तीय प्रगतिमा जिकिर गरिए पनि किसान भने बेखुसी

**राजाराम कार्की**
काठमाडौँ, ३ साउन (रासस)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ७६ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जिकिर गरेको छ। आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा मन्त्रालयले सो जिकिर गरेको हो।

मन्त्रालयले ७६ प्रतिशत वित्तीय प्रगति हासिल गर्दै गर्दा किसान भने बेखुसी देखिन्छन्। रोपाइँ गर्ने मौसममा रासायनिक मल पाउन नसकेकै कारण उनीहरु बेखुसी भएका हुन्। असार महिनामा मात्र किसानलाई झन्डै तीन लाख मेट्रिकटन रासायिनक मल आवश्यक पर्छ। यो अवधिमा सरकारले दुइलाख १८ हजार मेट्रिकटन अनुदानको मल बिक्री भइसकेको जनाएको छ। अघिल्लो आर्थिक वर्षको असार २८ सम्म देशभर ६८ प्रतिशत रोपाइँ सम्पन्न भएकामा चालु आवको सोही अवधिमा आठ प्रतिशतले कम भई ६० प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको मन्त्रालयल जनाएको छ।

नेपाली किसानका लागि कूल १२ लाख मेट्रिकटन रासायनिक मल आवश्यक पर्छ। उक्त मन्त्रालयका कृषि विकास सचिव गोविन्दप्रसाद शर्माले भन्नुभयो, "सरकारले पाँच लाख मेट्रिकटन र निजी क्षेत्रले सात लाख मेट्रिकटन रासायनिक मल खरिद गर्ने गर्छन्।"

असार महिनाको अन्त्यसम्ममा किसानले रासायनिक मल पाउन नसकेका कारण रोपाइँ उत्साहजनक नभएको कृषि विभागले स्वीकार गरेको छ। नेपालमा वर्षे रोपाइँ साउन महिनासम्म गरिन्छ। गत वर्षको साउनमा ९७ प्रतिशत रोपाइँ भएको थियो।

मन्त्रालयले आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा १३ कार्य सफलतापूर्वक कार्य सम्पादन गरेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रकाशकुमार सञ्जेलले जानकारी दिनुभयो। नीतिगत तथा कानुनी व्यवस्था, विभिन्न बाली वस्तुको मूल्य निर्धारण, बेमौसमी वर्षाबाट असर परेका कृषकलाई राहात तथा समन्वय, रासायनिक मल आयात र विक्री, गुणस्तर नियमन, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्राविधिक सम्प्रेषण, नश्ल सुधार, खोप उत्पादन तथा व्यवस्थापन, पशुपन्छी, मत्स्य तथा बाली बीमा, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको निर्यात प्रवर्द्धन, कृषि पूर्वाधार विकास र किसान सूचीकरण रहेका छन्।

मन्त्रालयलयबाट बीउबिजन ऐन २०४५ र बिरुवा संरक्षण ऐन २०६४ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रमाणीकरण भएको छ। बर्डफ्लु नियन्त्रण नियमावली, २०७८ राष्ट्रिय पशु स्वास्थ्य र पशु प्रजनन नीति,२०७८ स्वीकृत भएको छ।

त्यसैगरी राष्ट्रिय मत्स्य विकास नीतिको मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको र खाद्य स्वच्छता तथा गुणस्तर विधेयक २०७९ विधायन समितिमा छलफल भई राष्ट्रियसभामा पेश भएको छ। पशु कल्याण, पशु सङ्क्रामक रोग नियन्त्रण, कृषि व्यवसाय प्रवर्द्धन विधेयकको मस्यौदा कानुन आयोगमा छलफल भई अघि बढेको मन्त्रालयले जनाएको छ।

चालु आर्थिक वर्षका लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु दुई हजार ७५२ र मध्यम धानको मूल्य रु दुई हजार ९०२ निर्धारण गरिएको छ। कृषकबाट धान खरिद गरिने कार्यलाई सुनिश्चित गर्न कृषक समूह र सहकारीलाई सूचीकृत गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई निर्देशन दिइएको छ।

आव २०७८/०७९ मा न्यूनतम समर्थन मूल्यमा सहकारीबाट आठ हजार ९२ मेट्रिकटन धान खरिद भएको थियो। उखु कृषकको हितका लागि गत वर्षको तुलनामा ऊखुको न्यूनतम खरिद मूल्यमा आठ दशमलव शून्य चार पाँच प्रतिशतले वृद्धि गरी रु ५९० प्रति क्विन्टल निर्धारण गरिएको थियो।

निर्धारित मूल्यको आधारमा आव २०७७/०७८ का लागि आठ जिल्लाका उखु किसानलाई उखु प्रवर्द्धन खर्चबापत रु ७७ करोड ५६ लाख सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत ९९ प्रतिशत भुक्तानी भइसकेको छ।

आव २०७८/०७९ मा क्रसिङको विवरणको आधारमा चार जिल्लाका कृषकलाई थप रु ३२ करोड उपलब्ध गराइएको र कफीलाई गुणस्तरका आधारमा वर्गीकरण तथा कृषकको मुनाफा सुनिश्चित हुने गरी वर्गीकरणको आधारमा प्रतिकेजी रु ८० देखि रु ४५० सम्म मूल्य निर्धारण गरिएको छ।

बेमौसमी वर्षाबाट पीडित किसानलाई रु एक अर्ब निकासा गरिएको छ। खाद्य ऐन २०२३ अनुसार तीन हजार ८९५ खाद्यवस्तुको नमूना परीक्षण र ४९ हजार ९५० खाद्य वस्तुको गुण प्रमाणीकरण गरिएको, तरकारी तथा फलफूलमा रहन सक्ने विषादी अवशेष सात नाकाबाट परीक्षण गर्ने व्यवस्था मिलाइएको, तयारी दाना, दानाको कच्चा पदार्थ, फिड, सप्लिमेन्ट र घाँसका चार हजार ११६ नमूना सङ्कलन तथा परीक्षण गरिएको छ।

व्यावसायिकरुपले चल्ला उत्पादनका लागि बीउ पन्छी सात लाख ८१ हजार ७५८ चल्ला आयात गर्न सिफारिस दिइएको, खाद्य ऐन २०२३ बमोजिम सङ्कलित नमूनाबमोजिम ७१ थान मुद्दा दायर गरिएको, एक हजार १११ हेक्टर क्षेत्रफलमा चक्लाबन्दी खेती कार्यक्रम सञ्चालन भएको, १४ वटा कस्टम हायरिङ र दुई पोष्ट हार्भेष्ट सेन्टर स्थापना गरिएको, ४४२ कृषकका छोराछोरीलाई कृषि इन्टर्नका रुपमा परिचालन गरिएको, दुई हजार ४९५ कृषकलाई कृषि प्रविधि एवं जलवायुसम्बन्धी १९ लाख ९८ हजार ६०० सन्देशमार्फत सूचना प्रवाह गरिएको छ।

धानका छ जात क्रमशः बासमती, १६ हर्दिनाथ-४ हर्दिनाथ-६ गङ्गा सागर-२, घैया-३, चौमासे सिमीको परवानीपुर र सेलेक्सन, मकैका रामपुर हाइब्रिड-१२, रामपुर हाइब्रिड-१४ र रामपुर हाइब्रिड काँक्रोको दुई वर्णशङ्कर जातका पञ्जीकरण दर्ताको लागि सिफारिस भएको छ।

रैथाने छ पशुबस्तुका जिन बैंकको अवधारणाअन्तर्गत संरक्षण तथा प्रवर्द्धन भइरहेको, नस्ल सुधारअन्तर्गत छ लाख ४० हजार गाई भैंसीमा कृत्रिम गर्भाधान गरिएको र उन्नत नस्लका गाई, भैंसी, बाख्रा र बङ्गुरबाट छ लाख ५९ हजार डोज जमेको वीर्य उत्पादन तथा वितरण गरिएको छ।

तीन करोड ५१ लाख ३६ हजार माछाका भुरा उत्पादन तथा वितरण, अमेरिकाबाट शुद्ध नश्लका जर्सी र होलस्टिन साँढे आपूर्ति गरिएको, पशुपन्छीका विभिन्न सङ्क्रामक रोगविरुद्ध प्रयोगका लागि १३ प्रकारका पाँच करोड १७ लाख खोप उत्पादन तथा वितरण भएको, पशुपन्छी तथा मत्स्य बीमा प्रिमियमको अनुदानबापत रु २४ करोड भुक्तानी गरी करिब रु ३९ अर्ब रकम बराबरको बाली तथा पशु बस्तुको सुरक्षण बीमा गरिएको छ।

नेपालमा दूधबाट उत्पादित रु दुई अर्ब ५८ करोड बराबरको छुर्पी जापान, अमेरिका र युरोपियन मुलुकमा निर्यात भएको, चितवनको रत्ननगरमा पशु हाटबजार निर्माण गरिएको, तराईका विभिन्न आठ जिल्लामा डिप टचुबबेल निर्माण भई थप १००० हेक्टरमा सिँचाइ सुविधा विस्तार भई हालसम्म छ लाख ५० हजार किसान परिवार सूचीकरण गरिएको मन्त्रालयले जनाएको छ।

***मधेशमा परेन ...***

नभएपछि अहिले किसान पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर रोपाइँ गरिरहेका छन् भने अधिकांश किसान अझै आकाशे पानीको प्रतिक्षमा छन्। एकातिर किसानले जेनतेन वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर धान रोपाइँ गरे पनि वर्षा नहुदाँ रोपो सुक्न थोलेको छ। "पान्नी तान्ने मोटर लगाएरै करिब एक बिघा जग्गामा धान रोपाइँ गरें", धनुषाधाम नगरपालिका-४ का किसान सुगम्बर यादवले भन्नुभयो, "वर्षा ठयाप्पै रोकिएपछि अहिले रोपिएको धानमा डढेलो लाग्न थालेको छ।" अब पनि केही दिन पानी नपरे रोपाइँ गरिएको धान नष्ट हुन्छ", उहाँको चिन्ता छ।


ठूलो मूल्य र परिश्रम गरेर रोपाइँ गरिएको धानबालीमा पानीकै अभावमा डढेलो लाग्दा आफूहरु चिन्तामा डुबेको किसानको भनाइ छ। सिँचाइका लागि कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाले निर्माण गरेको पूर्वी र पश्चिमी नहर प्रणालीबाट सिरहा र धनुषाको करिब २५ हजार हेक्टर क्षेत्रमा मात्र सिँचाइको व्यवस्था पुगेको छ। तर लामो समयदेखि वर्षा रोकिएर कमला नदीमा पानीको सतह कम भएका कारण किसानलाई सिँचाइ गर्न समस्या भइरहेको कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाका प्रमुख वीरेन्द्रकुमार यादवले जानकारी दिनुभयो।

"साधारणतया कमला नदीमा पानीको स्तर बढ्दा किसानलाई सिँचाइ गर्न सहज हुन्छ, तर अहिले नदीमा पानी नै छैन", उहाँले भन्नुभयो, "पूर्वी र पश्चिम नहर प्रणालीका कारण दुवै जिल्लातर्फ सिँचाइको पहुँच पुगेको त छ, तर वर्षा नै नभएपछि नदीमा पानी छैन, जसले गर्दा किसानलाई सिँचाइ गर्न समस्या भएको हो।"

सिँचाइबाहेक मलखाद्य र कृषि मजदुरको आभावमा पनि बर्सेनि धानखेती प्रभावित हुँदै आएका छन्। एकातिर सिँचाइ अभाव अर्कातिर आवश्यकतानुसार कृषि मजदुर नपाइने गरेकाले धान रोपाइँमा समस्या हुने गरेको किसानको गुनासो छ। यसरी सिँचाइ, मलखाद्य र मजदुर आभावमा मधेस प्रदेशमा धान रोपाइँ प्रभावित हुँदा भोकमरीको चिन्ता बढेको कृषिविज्ञको भनाइ छ। मधेसका जिल्लामा बर्सेनि भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ।


## डा. आदर्श कुमार सिंह

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### चीन-पाकिस्तान आर्थिक करिडोर अफगानिस्तानसम्म विस्तार गर्ने योजना

इस्लामाबाद, ३ साउन (रासस/एएनआई)।

चीन-पाकिस्तान आर्थिक करिडोर (सिपिइसी) लाई अफगानिस्तानसम्म विस्तार गर्ने बारेमा पाकिस्तान र चीनले विचारविमर्श थालेका छन्।

पाकिस्तानका विदेश सचिव सोहेल महमूद र अफगानिस्तानका लागि चीनका विशेष दूत यु सियाओयोङबीचको भेटवार्तामा क्षेत्रीय सम्पर्क सञ्जाल विस्तारका साथै आर्थिक विकासका निम्ति सिपिइसीलाई अफगानिस्तानसम्म विस्तार गर्नेबारेमा विचार आदानप्रदान गरेका थिए।

सिपिइसी चीनको विशाल परियोजना 'बेल्ट एण्ड रोड इनिसिएटिभ'को एउटा भाग हो। यो परियोजनाको मुख्य उद्देश्य दक्षिण-पूर्वीएशियाका तटीय देशमा ऐतिहासिक व्यापार मार्गलाई पुनःसञ्चालन गर्ने हो। विश्लेषक चीन र पाकिस्तानको यो योजना भारतको लागि सुरक्षा चिन्ताको विषय हुनसक्ने टिप्पणी गरेका छन्। दुवै पक्षले अफगानिस्तानको राजनीतिक एवम् सुरक्षा अवस्था, अफगानिस्तानलाई पाकिस्तान र चीनले गरेको मानवीय सहायता र आपसी हितका अन्य विषयमा विचारविमर्श भएको पाकिस्तानी विदेश मन्त्रालयले जनाएको छ।

### मलेसियामा कोरोना सङ्क्रमण वृद्धि, सात जनाको मृत्यु

क्वालालम्पुर, ३ साउन (रासस/सिन्ह्वा)।

मलेसियामा पछिल्लो समय कोरोना सङ्क्रमितको सङ्ख्या थप बढेको छ। गएको २४ घन्टा यतामात्र यहाँ तीन हजारभन्दा बढी सङ्क्रमित थपिएका बताइएको छ।

मलेसियाको स्वास्थ्य मन्त्रालयले यहाँ तीन हजार ८० जनामा गएको २४ घन्टा यता सङक्रमण थपिएको जनाएको छ।

साथै सो सङ्क्रमणका कारण गएको २४ घन्टायता सात जनाको ज्यान पनि गएको जनाएको छ। यहाँ अहिलेसम्म ४६ लाखभन्दा बढी नागरिक सङ्क्रमित भएका छन्, भने ३५ हजार आठसय ६५ को ज्यान गएको छ।

यहाँका स्वास्थ्य अधिकारीले पछिल्ला केही हप्तायता सङ्क्रमितको सङ्ख्या बढेको र अस्पताल भर्ना हुने पनि बढेका जनाएका छन्। यहाँका अधिकारीले मलेसियामा अहिले पनि ४२ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका भन्दै स्वास्थ्यका मापदण्ड अपनाउन भनेका छन्।

### स्पेनमा प्रचण्ड गर्मी, नौ दिनमा पाँचसय दश जनाको मृत्यु

म्याड्रिड, ३ साउन (रासस/सिन्ह्वा)।

स्पेनमा केही दिनदेखि प्रचण्ड गर्मी भएको छ। तातो हावाबाट धेरैजनाको ज्यान गइरहेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। स्वास्थय मन्त्रालयका अनुसार सोमबारसम्ममा तातो हावाबाट ज्यान जाने संख्या पाँचसय १० पुगेको छ। देशका विभिन्न भागको तापक्रम ४५ डिग्री सेल्सियससम्म पुगेको छ भने गर्मीका कारण मानिसको ज्यान जाने क्रम पनि रोकिएको छैन। यही जुलाई १० तारिखदेखि गर्मी सुरु भएको हो।

गर्मीका कारण यहाँको जनजीवन निकै कष्टकर बनेको छ। स्वास्थ्य मन्त्रालयले तातो हावा सुरु भएको हप्ता जुलाई १० देखि १६ तारिखसम्ममा १५० जनाको ज्यान गएको जनाएको छ।

त्यसयता पनि तातो हावाको असरले ज्यान जाने क्रम नरोकिएको भन्दै अधिकारीले सोमबारसम्म ५१० को मृत्यु भएको बताएका छन्। गर्मीका कारण ज्यान गुमाउने अकिांशमा ज्येष्ठ नागरिक छन्। उनीहरुमध्ये ३२१ जना ८५ वर्षभन्दा माथिका नागरिक हुन्। गर्मी अझै बढ्ने अनुमान गरिएको र त्यसबाट ज्यान जानेको संख्या थप बढ्न सक्ने भन्दै सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयले सूचना जारी गरेको छ।

### सिन्धु नदीमा डुङ्गा दुर्घटना, तेइस जनाको मृत्यु

इस्लामाबाद, ३ साउन (रासस/एएनआई)।

एकसय जनाभन्दा बढी विवाहका पाहुना बोकेको डुङ्गा रहिम यार खान शहर नजिक सिन्धु नदीमा डुब्दा २३ जनाको मृत्यु भएको छ भने २६ जना हराइरहेका छन्।

राज्य सञ्चालित उद्धार सेवाका ३५ जना गोताखोर खोजी तथा उद्धारमा खटिएका र उनीहरूले ९० जनालाई उद्धार गरेका सरकारी अधिकारीले बताएका छन्। क्षमताभन्दा बढी यात्री बोकेका कारण डुङ्गा डुबेको अनुमान गरिएको छ।

दुर्घटनामा ज्यान गुमाउने अधिकांशमा महिला छन्। आपत्काल व्यवस्थापन प्राधिकरणका अनुसार १९ जना महिलाको शव नदीबाट निकालिएको छ। डुङ्गामा धेरै महिला र बालबालिका सवार थिए। गत साता सरकारले निरन्तर वर्षा भइरहेकाले नदीतटमा नजान सर्वसाधारणलाई आग्रह गरेको थियो।

# पीडितको अपेक्षा अनुरुप संवेदनशील भएर कार्यसम्पादन गर्न निर्देशन

काठमाडौं, ३ साउन (रासस)।

प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिले पीडित महिलाको अपेक्षाअनुरुप थप संवेदनशील भएर कार्यसम्पादन गर्न राष्ट्रिय महिला आयोगलाई निर्देशन दिएको छ।

उक्त समितिको मंगलबारको बैठकले महिलाको समग्र हित प्रवर्द्धन गर्ने उद्देश्यमा केन्द्रित भई प्रभावकारी कार्यसम्पादन गर्न निर्देशन दिएको समितिका सभापति निरुदेवी पालले जानकारी दिनुभयो।

आयोगले महिला हकहित प्रवर्द्धन गर्न प्रयत्न गरिरहेका विभिन्न निकायहरुसँग सम्पर्क, समन्वय बढाइ एकीकृत पहल गर्नसमेत नसकेको भन्दै आगामी दिनमा प्रभावकारी सहकार्य गर्न पनि समितिले आग्रह गरेको छ। साथै, महिला आयोग आफैंभित्र पनि समन्वय र सहकार्य गर्न नसकेको कारण प्रभावकारी कार्यसम्पादन हुन नसकेको र सम्पर्कमा आएका पीडित महिलाले आवश्यक न्यूनतम सहयोगसमेत प्राप्त गर्न नसक्नु दुःखको विषय रहेको समितिको ठहर छ।

बैठकमा सांसद नारायणप्रसाद खतिवडा, विमला नेपाली, गङ्गा चौधरी, अमृता थापा, कृष्णबहादुर राईले आवश्यकताको हिसाबले राष्ट्रिय महिला आयोग अन्य आयोगभन्दा बढी महत्वपूर्ण रहेको हुनाले योजनाबद्ध तरिकाले आफ्नो कार्यसम्पादन गर्नतर्फ ध्यान दिन आग्रह गर्नुभयो।

कार्यक्रममा आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले विसं २०७८ साउन १ गतेदेखि २०७९ साल असार मसान्तसम्म महिलामाथि भएका विभिन्न हिंसाका एक हजार ४६४ घटना दर्ता भएको जानकारी गराउनुभएको थियो। जसमा सबैभन्दा बढी बागमती प्रदेशबाट घरेलु र महिला हिंसाका गरी एक हजार २७६ वटा घटना रहेका छन्।

# राप्रपाका चार नेताद्वारा पार्टी परित्याग

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ साउन।**

राप्रपाका चार नेता दिलनाथ गिरी, श्याम तिमल्सिना, केशवराज श्रेष्ठ र दिलविकास राजभण्डारीले पार्टी परित्याग गरेका छन्।

उनीहरुले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै अपमानित र निरीह भएर पार्टीभित्र बस्न सक्ने अवस्था नरहेको बताउँदै आजैका मितिदेखि साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट अलग भएको उल्लेख गरेका छन्।

देशमा बलियो राष्ट्रवादी प्रजातान्त्रिक शक्तिको आवश्यकता रहेकोले यो अभियानमा आफूहरू निरन्तर क्रियाशील रहने उनीहरुले जारि गरेको विज्ञप्तिमा उल्लेख छ।

हालै राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपाले उनीहरूलाई स्पष्टीकरण लिएको थियो। गत बुधबार बसेको राप्रपाको केन्द्रीय कार्यसम्पादन समिति बैठकले दिलनाथसहित नेताहरूलाई २४ घन्टे स्पष्टीकरण सोधेको थियो। पार्टी हितविपरीत गतिविधि गरेको आरोप राप्रपाको थियो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# बाबुछोरा एकै दिन एकै पटक डिएसपीमा बढुवा



**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन।**

नेपाल प्रहरीका ३७ जना इन्स्पेक्टरबाट डिएसपीमा बढुवा भएका मध्येबाट बाबुछोरा एकै दिन एकै पदमा बढुवा भएका छन्।

कास्कीको माछापुच्छे गाउँपालिकाका बाबुछोरा एकै दिन, एउटै पदमा बढुवा सिफारिस भए। बढुवा सिफारिस सूचीको ३१ औं नम्बरमा रहेका राजेन्द्र अधिकारी छन्। हाल उनी जिल्ला प्रहरी कार्यालय पर्वतमा कार्यरत छन्। यस्तै प्राविधिक समूहतर्फ पहिलो नम्बरमा ध्रुव अधिकारी सिफारिस भए। राजेन्द्र र ध्रुव बाबुछोरा हुन्।

बुबासँग एकै दिन डीएसपीमा बढुवा सिफारिस भएका ध्रुव राजेन्द्रभन्दा २४ वर्षपछि प्रहरीमा भर्ना भएका हुन्। राजेन्द्र २०५१ सालमा प्रहरी सहायक निरीक्षकमा भर्ना भएका थिए। ध्रुव २०७५ मा प्रहरी निरीक्षकमा भर्ना भए। २४ वर्षको अन्तरमा प्रहरी सेवामा प्रवेश गरेका बाबुछोरा एकसाथ डीएसपी हुने संयोग मिल्यो। असईमा भर्ना भएका राजेन्द्र २०५७ सालमा प्रहरी नायब निरीक्षक (सई) मा बढुवा भए। छोरो भर्ना भएको पदमा पुग्नै उनलाई अर्को १० वर्ष लाग्यो।

२०६७ सालमा राजेन्द्र इन्सपेक्टर भएका हुन्। प्रहरी सेवामा प्रवेश गरेको १६ वर्षपछि राजेन्द्र इन्सपेक्टर भए। राजेन्द्र इन्सपेक्टर हुँदा पनि ध्रुव प्रहरीमा प्रवेश गरेकै थिएनन्। त्यसको ८ वर्षपछि मात्रै उनी प्रहरी सेवामा प्रवेश गरे।

तर प्रहरीका प्राविधिक समूहमा छिटो बढुवा हुन्छ। जनपदमा जस्तो १० वर्षसम्म पनि एउटै दर्जामा रहनु पर्ने बाध्यता छैन। त्यही भएर ध्रुव छिटो बढुवा भए। सेवामा प्रवेश गरेको ४ वर्षमै बढुवा हुँदा बाबुछोरा एउटै दर्जामा एकै दिन पुगेको नेपाल खबरमा समाचार प्रकाशित भएको छ।

# बाबुराम भट्टराई गठबन्धनबाट अलग छैनन् : प्रचण्ड

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ साउन।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले डा. बाबुराम भट्टराई गठबन्धनबाट अलग नभएको बताएका छन्।

सिंहदरबारस्थित माओवादी केन्द्रको संसदीय दलमा मंगलबार प्रचण्ड र बाबुरामको भेटपछि सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै प्रचण्डले बाबुरामजी जसपाबाट बाहिरिनुभएको हो सत्ता गठबन्धनमा उहाँ अझै रहेको बताए।

प्रचण्ड-बाबुरामबीच सिंहदरबारमा करिब एक घण्टा छलफल भएको थियो। छलफलमा माओवादी विचारधारका शक्तिबीच पुनः एकीकरण विषयमा पनि कुराकानी भएको प्रचण्डको भनाई छ।

जसपाका पूर्व नेता भट्टराईलाई वीरगन्ज बसेको केन्द्रीय समिति बैठकमार्फत उपेन्द्र यादव समूहले निष्कासन गरेको थियो। त्यसपछि उनी फेरि नयाँ राजनीतिक दल खोल्ने अभियानमा अघि बढेका छन्।

कोभिड-१९ को जोखिम पुनः देखा परेको छ।
यसबाट बच्न र बचाउन:
- सही तरिकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं।
- समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक मुख छोप्ने गरौं।
- आफु बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहरदोहर नगर्ने स्थान र भीडभाडमा नजाऔं।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं।

समयमा नै सतर्क र सचेत बनौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*